
योगमाया न्यौपाने

# ऐतिहासिक विद्रोही



जन्म : वि.सं. १९२५ तिर

मृत्यु : वि.सं. १९९८ असार ३१

संसारको आधुनिक इतिहासमा समाज परिवर्तनका लागि राजनीतिक विद्रोह हुनुभन्दा अगाडि धार्मिक विद्रोहहरू भएका प्रशस्त उदाहरण पाइन्छन्। जति बेला समाजमा धर्मको साम्राज्य थियो, त्यति बेला त्यसका विरुद्ध त्यही रूपमा विद्रोह भएको पाइन्छ। परम्परावादी धार्मिक कट्टरता र परिवर्तनका बीचमा शताब्दीऔँदेखि चलिआएका अन्तर्विरोधहरू अहिलेसम्म पनि विभिन्न स्वरूप र मोर्चामा प्रकट भइरहेका छन्। हिन्दू धर्म विनाशक र निर्दयी नभए पनि यसभित्रका कुसंस्कार र गलत मान्यताका विरुद्ध समयसमयमा आवाजहरू उठ्ने गरेका छन्। यसक्रममा नेपालमा पनि आवाज उठेको थियो, आजभन्दा झन्डै एक शताब्दीअघि। त्यो आवाज उठाउनुभएको थियो, भोजपुर मजुवावेशीकी योगमाया न्यौपानेले। धर्मका साथै समाज सुधारका क्षेत्रमा योगमायाले उठाएको आवाज युगीन, यथार्थ र निकै हदसम्म प्रगतिशील देखिन्छ। कुनै राजनीतिक दर्शन वा धार्मिक मान्यताका आधारमा भन्दा पनि उहाँको विद्रोह सामाजिक सुधारको मान्यताबाट प्रभावित भएको पाइन्छ। त्यति बेलाको समाजमा धर्मले ग्रहण गरेको आकार र अस्तित्वको प्रभावले पनि हुनसक्छ, योगमायाले आफ्नो सामाजिक सुधारको मुद्दा धर्म सुधारकका रूपमा अघि बढाउनुभएको थियो।

योगमायाले 'धर्मराज्य' को माग उठाउनुभएको थियो। राणाशासनको समयमा धर्मको नाम लियो भने मान्छे सुरक्षित हुन्थ्यो, अर्कोतर्फ समाजलाई पनि परिचालित गर्न सजिलो हुन्थ्यो। उहाँले उठाएको 'धर्मराज्य' को मुद्दा जनताले न्याय, निसाफ र सुविधा पाउने सुशासनको अर्थमा थियो। तर, राणा शासकबाट त्यो पूरा हुन असम्भव भएपछि आफ्ना ६७ जना अनुयायीसहित योगमायाले सम्वत् १९९८ असार ३१ गतेका दिन अरूण नदीमा हाम फालेर जलसमाधि लिनुभयो। त्यति धेरै मानिसलाई एउटै मुद्दामा एकाग्र बनाई परिचालित गर्नु एक ऐतिहासिक काम थियो।

योगमायाले औपचारिक अध्ययन गर्नुभएको थिएन। खासमा उहाँको जीवन नै उहाँका लागि ज्ञानको विशाल पाठशाला बन्यो।

जीवनका उकाली, ओराली र घुम्तीहरू पार गर्दा उहाँले जे अनुभव र ज्ञान प्राप्त गर्नुभयो, त्यसैले नै उहाँलाई सामाजिक आन्दोलनकी प्रथम र ऐतिहासिक विद्रोहीका रूपमा खडा गर्‍यो । रुग्ण, रूढ र पछौटे सामाजिक मान्यताका विरुद्ध योगमायाले अपूर्व जागरणको जुन सुरुवात गर्नुभएको थियो, त्यो बन्द नेपाली समाजमा त्यो एक क्रान्तिकारी कदम थियो । धर्मको चौतर्फी दबदबा रहेका बेलामा उहाँजस्तो एक साधारण महिला त्यसबाट अछुतो रहनु सम्भव थिएन । तर, धर्मभित्र पनि उहाँले जेजस्ता अधर्महरू भेट्टाउनुभयो र त्यसका विरुद्ध सचेतनताको शङ्खनाद गर्नुभयो, त्यसले उहाँलाई ऐतिहासिक सामाजिक विद्रोही महिलाका रूपमा स्थापित गरेको छ ।

योगमायाको जन्म कहिले भएको भन्ने स्पष्ट लिखित प्रमाण पाइँदैन । समयक्रम र घटनाक्रमहरूको जोडघटाउ गर्दा धेरैजसोले सम्वत् १९२५ लाई उहाँको आधिकारिक जन्ममिति मानेको पाइन्छ । तर, कतिपयले सम्वत् १९१७ मै उहाँ जन्मिनुभएको ठानेका छन् । पिता श्रीलाल न्यौपाने र माता चन्द्रकला न्यौपानेकी जेठी छोरीका रूपमा उहाँ जन्मिनुभएको थियो । भाइ पुष्पलाल र अग्निधरसँगै उहाँ हुर्कंदै गर्दा त्यतिबेलाको चलनअनुसार उहाँको विवाह सात वर्षको केटाकेटी अवस्थामै दिङ्लाकै धोद्रेका मनोरथ कोइरालासँग भएको थियो । त्यसको दुई वर्षपछि नै विवाह के हो भन्ने थाहा नपाउँदै योगमायाले विधवा हुनुपर्‍यो । घरमा जतिसुकै काम गरे पनि नाबालक योगमायामाथि 'पोइ टोकुवा' र 'अलच्छिनी' का आरोपहरू बर्सिन थाले । उहाँलाई दैनिक यातना दिने क्रम निरन्तर चल्यो, जसका कारण उहाँ माइती फर्किन बाध्य हुनुभयो । उमेर बढ्दै गएपछि उहाँले गाउँकै कँडेल थरका बाहुनसँग विवाह गर्नुभयो र उनीसँगै भागेर भारतको आसाम पुग्नुभयो । यसबारे पनि परस्परविरोधी तर्कहरू छन् । एक छोरीको जन्म भइसकेपछि उहाँका दोस्रा श्रीमान्को पनि मृत्यु भयो । घरबाट निकालिएकी योगमायाले त्यहींका डोटेल थरका व्यक्तिसँग तेस्रो विवाह गर्नुभयो । तर, दुर्भाग्य उहाँका तेस्रा श्रीमान्को पनि केही वर्षमै मृत्यु भयो । त्यसपछि उहाँ आफ्नी छोरी नैनकलालाई बोकेर सम्वत् १९७३ मा नेपाल फर्किनुभयो ।

योगमाया नेपाल फर्किंदा भारतमा एक किसिमको धार्मिक जागरणको सुरुवात भएको थियो । भारतमा चलेका विविधखाले आन्दोलनले उहाँलाई पनि प्रभावित पारेका थिए । आफ्नै जीवनका अनुभवहरूको सार खिच्दै उहाँले नेपाल फर्केपछि अपूर्व धार्मिक जागरण र सचेतनताको सुरुवात गर्नुभयो । गाउँमा चल्ने सप्ताह, पुराण र महायज्ञहरूमा उहाँले धुरन्धर कहलिएका पण्डितहरूलाई जीवन, जगत् र धर्मका बारेमा फरक कोणबाट बहस चलाएर पराजित गर्न थाल्नुभयो । यस्ता घटनाले उहाँको लोकप्रियता समाजमा क्रमश: बढ्न थाल्यो । एकातिर समाजमा सतीप्रथाजस्तो मानवताविरोधी सामाजिक कलङ्क बलशाली थियो भने अर्कातिर दासयुगको अवशेषका रूपमा जीवित दासप्रथाले मानिसहरूलाई सताइरहेको थियो । यी घटनाका कारण विद्रोही योगमायाको मनमा नयाँ किसिमका तरङ्गहरू उत्पन्न भए । उहाँले दास विमोचनका निम्ति तत्कालीन सरकारलाई दिएको दबाबकै कारण त्यस क्षेत्रका धेरै दासदासीले मुक्ति पाएका थिए । तीमध्ये कतिपय योगमायाका अनुयायी बनेका थिए ।

योगमाया जातपात र छुवाछूतविरोधी सामाजिक सुधारक हुनुहुन्थ्यो । उहाँले सञ्चालन गरेका धार्मिक सभा र प्रार्थनाहरूमा आउनमा कसैलाई रोकावट थिएन । कतिपय कामी, दमाई र सार्की महिलाहरू उहाँका अनुयायीका रूपमा क्रियाशील थिए । यसले त्यतिबेलाको समाजमा भुइँचालो नै ल्यायो, जसका कारण पुरोहित र ठालूहरू उहाँसँग रिसले आगो भए । यसैकारण उहाँमाथि चरित्रहीनसम्मका आरोपहरू लागे । तर, यी घटनाले योगमायाको यात्रामा क्षति पुऱ्याउन सकेनन् ।

योगमायाले उठाएका सामाजिक मुद्दाहरूलाई हेर्दा उहाँको 'धर्मराज्य' भित्र समानता, जातीय विभेदको अन्त्य, महिलाअधिकार, शोषण-दमनको अन्त्यजस्ता प्रगतिशील अन्तर्वस्तुहरू समाविष्ट रहेको पाइन्छ । राणा शासनको कालरात्रिमा उहाँले श्री ३ जुद्धशमशेरसँग 'सत्य धर्म शिक्षा' को माग गर्दै वार्ता गर्नुभएको थियो । जुद्धशमशेरकी

महारानीले थालभरि असर्फी दिन लाग्दा त्यसलाई अस्वीकार गरी उहाँले 'सत्य धर्म शिक्षा' को माग गर्नुभएको थियो । तर, त्यो भनेको के हो भन्ने कुराको छेउटुप्पो थाहा नपाएका राणा प्रधानमन्त्रीले बचनबद्धता जनाए पनि पूरा गर्नसक्ने कुरै थिएन । माग पूरा नभएपछि योगमायाले अग्निकुण्डमा आफ्ना २ सय ४० जना समर्थकसहित आत्मदाह गर्ने घोषणा गर्नुभयो । त्यस सूचनाबाट आत्तिएर धनकुटाबाट बडाहाकिम माधवशमशेर दलबलसहित मजुवावेशी पुगे र योगमायासहित उहाँका अनुयायीहरूलाई धमाधम गिरफ्तार गर्न लगाए । सम्वत् १९९५ कात्तिकमा गिरफ्तार गरिनुभएकी योगमायालाई तीन महिनापछि 'महिला र नाबालकलाई छोडिदिनू' भन्ने श्री ३ को आदेशअनुसार रिहा गरियो । नेपालको इतिहासमा राज्यद्वारा गिरफ्तार गरिने योगमाया नै पहिलो नागरिक हुनुहुन्छ ।

अग्निसमाधिमा सरकारले रोक लगाएर ठूलो सङ्ख्यामा आफ्ना अनुयायीहरूलाई गिरफ्तार गरेपछि योगमायाले जलसमाधिको मार्ग तय गर्नुभयो । 'धर्मराज्य' स्थापना नभएको कारण देखाउँदै त्यस क्षेत्रका ६७ जना अनुयायीहरूलाई साथमा लिएर उहाँले सम्वत् १९९८ असार ३१ गतेका दिन वर्षाको उर्लंदो अरूण नदीमा प्रवेश गरी देह त्याग्नुभयो ।

योगमाया धार्मिक तथा सामाजिक सुधारक मात्र होइन, आँशुकवि पनि हुनुहुन्थ्यो । 'योगवाणी' का रूपमा पूर्वी नेपालका भोजपुर-सङ्खुवासभा क्षेत्रमा पाठ गरिने उहाँका उक्तिहरू कवितात्मक स्वरूपका छन् । उहाँका उपदेशमूलक रचनाहरूको कवितात्मक सँगालो *सर्वार्थ योगवाणी* प्रकाशित पनि भएको छ । आफ्ना कवितामा योगमायाले समाजप्रतिको असन्तुष्टि, आक्रोश र विरोधलाई समेट्नुभएको छ । वैचारिक-दार्शनिक धरातलमा उभिएर हेर्दा उहाँका रचनाहरूमा यथेष्ट मात्रामा प्रगतिशीलता पाइन्छ । जातीय छुवाछूत, लैङ्गिक विभेद, आर्थिक शोषण र सामाजिक उत्पीडनका विरुद्ध योगमायाका कवितामा विद्रोहको राँको बालिएको छ । तत्कालीन सत्ता र समाजलाई उहाँले जनताको पक्षमा लाग्न सुझाव मात्र दिनुभएको छैन, गलत मान्यता र प्रचलनहरू

नमान्न जनतालाई आग्रह पनि गर्नुभएको छ। समाजमा जरा गाडेको जातभातका विरुद्ध उहाँको निकै ठूलो असन्तुष्टि छ। कागजी रूपमा तमसुकको माध्यमबाट गरिबहरूमाथि कसरी शोषण गरिन्छ भनेर वर्गीय शोषणको पर्दाफास गरिएको उहाँको कविताको एउटा पङ्क्ति यस्तो छ :

*आसामीले पहिले कर्जा तिरिसकेछ*
*साहू भन्ने लोभीले ता बाँकी भनेछ*

..................................................

*दौलथिया हुनु भयो त्यही निर्धाबाटै*
*आसामीले कर्जा तिर्‍यो तमसुक छ ठाडै ।*
*छोरा थियो बालक बाबु मरेछ*
*लोभी साहू माग्न आयो तिर्नुपरेछ ।*

त्यति बेलाको सत्ताप्रति व्यङ्ग्य गर्दै योगमायाले आफ्नो कवितामा यसरी चित्रण गर्नुभएको छ :

*महाराज छन् दरबारमा हेर्न आउँदैनन्*
*दुःखीजनले नियाँनिसाफ सीधा पाउँदैनन् ।*

यसरी दुःखी, गरिब र अपहेलितको पक्षमा आवाज उठाउने योगमाया नेपाली इतिहासमा धार्मिक र सामाजिक सुधारको पक्षमा आवाज उठाउने पहिलो महिला हुनुहुन्छ। राजनीतिक चेतना, सङ्गठन वा विचारबाट प्रभावित नभए पनि साहित्यमा होस् वा धर्ममा, उहाँले सधैँ प्रगतिशीलताको पक्ष लिनुभएको पाइन्छ। नेपालमा धार्मिक वा सामाजिक सुधारका लागि भएका आन्दोलनहरूको राजनीतिक आन्दोलनसँग अन्तर्सम्बन्ध स्थापित गर्ने परम्पराको अभाव रहेको पाइन्छ। राजनीतिक परिवर्तन भनेको व्यवस्थामा परिवर्तन हुनु मात्र अवश्य होइन। यसको सही अर्थ त समाजले परिवर्तनको अनुभूति गर्न पाउनु हो। त्यसका लागि पाखण्डी समाजबाट तिरस्कृत योगमायाजस्ता महिलाहरूले उठाएका युगीन आवाजहरूलाई पुँजीकृत गर्न सक्नुपर्छ।

◆